# खुम्बु पासाङल्हामु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### चौरीखर्क, सोलुखुम्बु

### कोशी प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८३।८४ को

# नीति तथा कार्यक्रम वक्तव्य

# *आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम वक्तव्य*

सम्मानित सभाका सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत उपस्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा मेरा आदरणीय खुम्बुवासी आमाबुवा तथा दाजुभाइ दिदीबहिनीहरू !

संसारकै सर्वोच्च शिखर सगरमाथाको काख, गौरवशाली शेर्पा सभ्यताको जननी र विश्व पर्यटनको मुटु' यस खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रशासकीय केन्द्र, ऐतिहासिक भूमि चौंरीखर्कबाट **"अनुपम पर्यापर्यटकीय गन्तव्यः समृद्ध खुम्बुको लक्ष्य"** हासिल गर्ने प्रमुख उद्देश्य साथ आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु।

हामीले नेतृत्व सम्हालेको यो पाँच वर्षे कार्यकालको अन्तिम वर्ष हो। विगत चार वर्षमा हामीले विकास, सुशासन र समृद्धिको जुन जग बसाल्यौं, यो वर्ष ती सबै प्रयासहरूलाई निष्कर्षमा पुर्‍याउने, अधुरा योजनाहरु सम्पन्न गर्ने, निर्माणाधीन गौरवका योजनाहरु सम्पन्न गर्ने र खुम्बुलाई 'जीवन्त सहर' को रूपमा आगामी पुस्तालाई हस्तान्तरण गर्ने 'प्रतिफल र सुदृढीकरणको वर्ष' हुनेछ।

यसै उच्च मनोबल र दृढ संकल्पका साथ, म यहाँहरूले औंल्याउनुभएका महत्त्वपूर्ण पूर्वाधार योजनाहरूलाई मुख्य प्राथमिकतामा राख्दै तयार पारिएको कार्यमूलक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

## खण्ड १ः आर्थिक विकास (पर्यटन, कृषि, उद्योग र उद्यमशीलता)

यस पालिकामा उच्च मूल्यको पर्यटन (High-Value Tourism) र स्थानीय अर्थतन्त्रको मोडललाई दिगो र संस्थागत गर्नेछौः

१. सगरमाथा आधार शिविर र मुख्य पदमार्गहरूमा सुरु गरिएको पूर्वाधारलाई यसै वर्ष पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ।
२. विगतका वर्षमा पहिचान गरिएका नयाँ र साहसिक पदमार्गहरूको पूर्वाधार निर्माणलाई निरन्तरता दिईनेछ।
३. पर्यटक प्रवेश शुल्क र रोयल्टी संकलन प्रणालीलाई शतप्रतिशत डिजिटल र अनलाइन बुकिङ प्रणालीमा आबद्ध गरी नगदरहित बनाइनेछ।

४. चौंरी र याक पालनमा दिइँदै आएको ५०% अनुदान र पशु बिमा कार्यक्रमलाई अझै प्रभावकारी बनाईनेछ।
५. हिमाली आलु र फापरको विषादीरहित खेती प्रवर्द्धनका लागि उन्नत बीउको नतिजा मापन गरी व्यावसायिक उत्पादनमा जोड दिईनेछ ।
६. स्थानीय कृषि उपजको भण्डारणका लागि आवश्यक कोल्ड च्याम्बर निर्माण गरिनेछ ।
७. 'डिजिटल नोम्याड' पर्यटकलाई लक्षित गरी निजी क्षेत्र सँगको सहकार्यमा उच्च गतिको इन्टरनेट सहितको आधुनिक 'को-वर्किङ स्पेस' यसै वर्ष निर्माण थालिनेछ ।
८. स्थानीय युवाहरूका लागि अन्तर्राष्ट्रिय स्तरको माउन्टेनरिङ र ट्रेकिङ गाइड तालिमलाई गाउँपालिकाको नियमित कार्यक्रमको रुपमा संचालन गरिनेछ।
९. हस्पिटालिटी, बेकरी र क्याफे सञ्चालनसम्बन्धी सीपमूलक तालिम प्राप्त स्थानीय युवाहरूको व्यवसाय दर्तामा लाग्ने सम्पूर्ण शुल्क यस वर्ष मिनाहा गरिनेछ।
१०. चौरीखर्क देखि नाम्चेसम्म सामान ढुवानी गर्नको लागि रोपवेको सम्भाव्यता अध्ययन गरिनेछ ।
११. पर्यटन/होटल व्यवसायीहरूका लागि आतिथ्यता, खाद्य सुरक्षा र बेकरी सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
१२. स्थानीय कला, संस्कृति एवं उत्पादन प्रवर्द्धन गर्न नीजि क्षेत्र सँगको सहकार्यमा 'स्ट्रिट फेस्टिभल' शुरुवात गरिनेछ।
१३. 'एक वडा, एक विशिष्ट उत्पादन' नीति अन्तर्गत सफल भएका वडाहरूलाई विशेष आर्थिक अनुदान दिई पुरस्कृत गरिनेछ।
१४. यसै आव देखि पालिकाले निर्माण गरेको पर्यटन रणनीतिक योजना कार्यान्वयन गरिनेछ।
१५. 'अफ-सिजन' लाई 'लो सिजन' मा रुपान्तरण गर्न निजी क्षेत्रसँगको सहकार्यमा छुट प्याकेज सम्बन्धमा सम्भाव्यता अध्ययन गरी पर्यटक आगमनमा बृद्धि गरिनेछ।
१६. व्यवसाय दर्ता र नवीकरण प्रक्रियालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा रूपान्तरण गरी डिजिटल खुम्बु मा रुपान्तरण गरिनेछ ।
१७. खुम्बु क्षेत्रमा आउने पर्यटकहरूको यात्रा सुरक्षित र व्यवस्थित बनाउन अत्याधुनिक सूचना प्रविधिको प्रयोगलाई अनिवार्य गरिनेछ।

**खण्ड २ः सामाजिक विकास (शिक्षा, स्वास्थ्य, संस्कृति र सामाजिक सुरक्षा)**

शिक्षा र स्वास्थ्यमा भौतिक सुधार मात्र होइन, गुणस्तर अभिवृद्धिमा बिशेष जोड दिनेछौंः

१८. सम्पूर्ण विद्यालयहरूमा लागू स्थानीय पाठ्यक्रमलाई मुद्रण गरी वितरण गरिनेछ।

१९. शिक्षकहरूलाई दिइँदै आएको भौगोलिक विकटता र कार्यसम्पादन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधिलाई निरन्तरता दिईनेछ।

२०. विद्यालयहरूको समग्र 'शिक्षण गुणस्तर अभिवृद्धि' गर्न प्रविधिमैत्री सिकाइ, शिक्षकहरूको क्षमता विकास तालिम र नतिजामा आधारित कडा मूल्यांकन प्रणाली लागू गरिनेछ।

२१. विद्यालयमा विद्यार्थीहरुलाई दिईदै आएको छात्रवृत्तिलाई निरन्तरता दिईनेछ साथै उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२२. विद्यालय भवन एवं छात्रावास निर्माण तथा मर्मत संभारलाई निरन्तरता दिईनेछ ।

२३. प्राविधिक जनशक्ति उत्पादन गर्न दिइएको छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा गरेका विद्यार्थीहरूलाई गाउँपालिकाको सेवामा लगाउने एवं छात्रवृत्ति प्राप्त विद्यार्थीले अनिवार्य सेवा गर्नुपर्ने नीति लागू गरिनेछ।

२४. गाउँपालिका भित्रका सबै नागरिकलाई गुणस्तरीय, पहुँचयोग्य तथा सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्न आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी, प्रविधिमैत्री र नागरिकमैत्री बनाइनेछ।

२५. नागरिक उपचार सहायता कोष मार्फत १० लाख सम्मको नागरिक उपचार सहायतालाई निरन्तरता दिँदै वडा नं १ र २ मा निशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

२६. उच्च हिमाली क्षेत्रमा उचाइजन्य समस्या (Altitude Sickness) सम्बन्धी सचेतना, आपत्कालीन स्वास्थ्य सहायता तथा हाई एल्टिच्युड स्वास्थ्य क्लिनिक सञ्चालनलाई निरन्तरता दिइनेछ।

२७. गर्भवती, सुत्केरी र गम्भीर बिरामीका लागि सञ्चालित हेलिकप्टर उद्धार सेवालाई 'आकस्मिक स्वास्थ्य सुरक्षा कोष' मार्फत स्थायी रूपमा सञ्चालन गरिनेछ।

२८. स्वास्थ्य चौकीहरूमा जडान गरिएको 'टेलिमेडिसिन' सेवाको गुणस्तर अभिवृद्धि गरी चौबीसै घण्टा संचालन गर्ने व्यवस्था गरिनेछ ।

२९. स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूको क्षमता विकासका लागि नियमित तालिम, पुनर्ताजगी तालिम तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३०. गुम्बा, च्योर्तेन, मनी, कनी लगायतका ऐतिहासिक सम्पदाहरुको मर्मत संभार एवं जिर्णोद्वार कार्यलाई निरन्तरता दिईनेछ ।

३१. शेर्पा तथा अन्य जनजातिको मौलिक कला, भाषा, संस्कृति तथा प्रविधि लगायत अमूर्त सांस्कृतिक सम्पदाको  संरक्षण र प्रवर्द्धनलाई निरन्तरता दिईनेछ ।

३२. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र एकल महिलाको सामाजिक सुरक्षा भत्ता बैकिंङ्ग प्रणाली सहित घुम्ती शिविरमार्फत घरदैलोमै पुऱ्याउने साथै न्यानो कपडा वितरण गरिनेछ ।

३३. अपाङ्गता भएका व्यक्ति एवं समुहहरुलाई आर्थिक प्रोत्साहन सहित क्षमता अभिवृद्धि गरिनेछ।

३४. राष्ट्रिय विभूति पासाङल्हामु शेर्पाको सम्मानमा सुर्केमा पासाङ्ल्हामु स्मृति खेल मैदान निर्माण सम्पन्न गरिनेछ ।

३५. निर्माणाधीन खेलकुद पूर्वाधारहरू यसै वर्ष सम्पन्न गर्ने साथै High Altitude Sports Center निर्माणको लागि संघ र प्रदेश सरकार सँगको समन्वयमा सम्भाव्यता अध्ययन गरिनेछ।

३६. परम्परागत शेर्पा वास्तुकला झल्किने घर निर्माण गर्नेलाई नक्सा पास गर्दा विशेष कर छुट दिने व्यवस्था मिलाईनेछ ।

३७. बालमैत्री स्थानीय शासनका लागि आवश्यक बाँकी सूचकहरू यसै वर्ष पूरा गरी खुम्बुलाई पूर्ण बालमैत्री गाउँपालिका घोषणा गरिनेछ।

३८. 'पूर्ण खोप सुनिश्चितता' र कुपोषण मुक्त गाउँपालिकाको हाम्रो स्थितिलाई दिगो राख्न पोषण विशेष प्याकेज लागू गरिनेछ।

३९. हिमालयन बुद्ध पार्क निर्माण निरन्तरता गर्दै स्थानीय भाषा, धर्म, संस्कृति लगायतका सामाजिक-सांस्कृतिक परम्पराहरुको जगेर्ना सहित प्रवर्द्धन गरिनेछ ।

४०. लागु पदार्थ दुर्व्यसन, डिजिटल दुर्व्यसन, लैंगिक हिंसा (विशेषगरी साइबर हिंसा) तथा बालविवाह जस्ता गैरकानुनी क्रियाकलाप सम्बन्धी समुदाय एवं विद्यालय केन्द्रित कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

४१. युवाहरुलाई उद्यमशीलता एवं स्वरोजगारीतर्फ आकर्षित गर्न नवप्रवर्तनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

४२. ज्येष्ठ नागरिकहरुसँग रहेको संस्कार अनुभव अनुभूति तथा सामाजिक व्यवहारलाई भावी पुस्तामा हस्तान्तरण गर्नका लागि अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ।

४३. महिला तथा बालिकाहरुलाई लक्षित गरी आवश्यकता अनुसार मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिने छ ।

**खण्ड ३ः पूर्वाधार विकास (सडक, ऊर्जा, सञ्चार र सहरी विकास)**

आगामी आर्थिक वर्षको मुख्य संकल्प सडक/पदमार्ग सहित पूर्वाधारलाई व्यवस्थित गर्नुहुनेछः

४४. वर्षौंदेखिको खुम्बुवासीको सपनालाई साकार पार्दै, गाउँपालिका कार्यालय (चौंरीखर्क) सम्म मोटरबाटोको ट्र्याक खोल्ने कार्य यसै आर्थिक वर्षभित्र पूर्ण रूपमा सम्पन्न गरिनेछ।

४५. खुम्बुको मुख्य पर्यटकीय प्रवेशद्वार लुक्ला बजारसम्म मोटरबाटोको ट्र्याक खोल्ने बहुप्रतिक्षित कार्य यसै वर्ष सम्पन्न गरी राष्ट्रिय सडक सञ्जालसँग सिधा जोडिनेछ।

४६. खुम्बुको विकासको मेरुदण्ड मानिएको 'डिमदोर्जी शेर्पा पर्यटन सडक' को स्तरोन्नति गर्ने कार्यलाई मूख्य प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।

४७. डिमदोर्जी शेर्पा पर्यटन सडक खण्डअन्तर्गत खरिखोलामा पक्की पुल निर्माण गर्ने कार्य यसै वर्ष शुरुवात गरिनेछ ।

४८. छिमेकी माप्य दूधकोशी गाउँपालिकासँगको रणनीतिक साझेदारीमा निर्माणाधीन 'माप्य-खुम्बु मितेरी पुल' निर्माण यसै आर्थिक वर्षभित्र सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

४९. अन्धकारमुक्त खुम्बु अभियानअन्तर्गत गाउँपालिका भित्र विद्युतीकरण गर्ने एवं राष्ट्रिय प्रसारण लाईन विस्तार आगामी ३ वर्ष भित्र सम्पन्न गरिनेछ।

५०. गाउँपालिकाको प्रशासकीय केन्द्र र आसपासका बस्तीहरूलाई समेटेर 'चौंरीखर्क-मुसे-लुक्ला क्षेत्रलाई जीवन्त र बस्नयोग्य व्यवस्थित बृहत हिमाली शहरको रूपमा विकास गर्ने एकीकृत गुरुयोजना कडाइका साथ लागू गरिनेछ।

५१. लुक्ला बजारलाई सफा, स्वच्छ र दुर्गन्धरहित बनाउन यसै वर्षदेखि बृहत 'लुक्लामा ढल व्यवस्थापन परियोजना' सञ्चालन गरिनेछ।

५२. पर्यटकीय पदमार्गहरुको स्तरोन्नती कार्यलाई विशेष प्राथमिकता साथ पुरा गरिनेछ साथै खच्चड, जोक्पेको लागि वैकल्पिक मार्ग निर्माण गरिनेछ ।

५३. सडक बत्ती र सिसिटिभि जडान गरी स्थानीयवासी सँगै पर्यटक आवागमनलाई सुरक्षित र व्यवस्थित बनाईनेछ ।

५४. सार्वजनिक निर्माणका कार्यहरूमा गुणस्तर कायम राख्न भवन निर्माण संहिता कडाइका साथ अनुगमन गरिनेछ।

५५. एलपी ग्यास विस्थापित गर्न जलविद्युतको अधिकतम उपयोग गर्दै सौर्य उर्जा एवं विद्युतीय उर्जा प्रयोग बढाउने प्रोत्साहन नीतिलाई निरन्तरता दिइनेछ।

५६. डिजिटल घर नम्बरीङ्ग कार्य यसै वर्ष सम्पन्न गर्दै घर नक्सा पास र अभिलेखिकरण मापदण्डलाई कडाइका साथ लागू गरिनेछ।

५७. वडा कार्यालयदेखि मुख्य पर्यटकीय विश्रामस्थलसम्म निःशुल्क वाइफाई जोनलाई परीक्षणका रुपमा शुरुवात गरिनेछ ।
५८. सबै बस्तीहरूमा भरपर्दो मोबाइल नेटवर्क पुऱ्याउन नेपाल टेलिकमसँग भएको समझदारी अनुसार टावर निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ।
५९. प्रत्येक नागरिकको घर घरमा स्वच्छ खानेपानी पुर्याउने कार्यक्रम अन्तर्गत बाँकी रहेका घरधुरीहरूमा यसै वर्ष खानेपानी धारा अनिवार्य अग्नि नियन्त्रण प्रणाली सहित जडान गरी आयोजना सम्पन्न गरिनेछ।
६०. पर्यटकीय पदमार्गहरूमा रहेका वातावरणमैत्री सार्वजनिक शौचालयहरूको व्यवस्थापनको जिम्मा प्रोत्साहन सहित टोल विकास समितिलाई दिइनेछ।
६१. खरिखोला अस्पताललाई विशिष्टीकृत अस्पतालको रूपमा विकास गर्न सुरु गरिएको भौतिक पूर्वाधार विस्तार कार्यलाई पूर्णता दिइनेछ।
६२. गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण कार्य यसै वर्ष थालनी गरी दुई वर्ष भित्र सम्पन्न गरिनेछ।
६३. निर्माण सम्पन्न भएका सम्पूर्ण पूर्वाधारहरूको नियमित मर्मतसम्भारका लागि 'पूर्वाधार मर्मत तथा संरक्षण कोष' खडा गरी कार्यान्वयन गरिनेछ।

## खण्ड ४: वन, वातावरण तथा विपद् व्यवस्थापन

हरित र सुरक्षित खुम्बु निर्माणको हाम्रो अभियानलाई साकार पार्नेछौं:

६४. स्थानीय अनुकुलन योजना (LAPA) अनुसार प्राथमिकता निर्धारण गरी सो को कार्यान्वयनको लागि वहुपक्षीय साझेदारी मार्फत कार्यक्रम संचालन गरिनेछ ।
६५. खम्बुलाई 'शून्य कार्बन उत्सर्जन' क्षेत्र घोषणा गर्न आवश्यक सम्पूर्ण प्राविधिक सूचकहरूको अध्ययन गरिनेछ।
६६. अन्तर्राष्ट्रिय 'जलवायु वित्त' कोषमा सिधै पहुँच पुऱ्याउन प्रस्तावना तयार गरी यसै वर्ष सम्बन्धित निकायमा पेश गरिनेछ ।
६७. जोखिमयुक्त थामे क्षेत्रमा जडान कार्य सुरु गरिएको पूर्वसूचना प्रणाली यसै वर्ष परीक्षण गरी सञ्चालनमा ल्याइनेछ साथै अन्य जोखिमयुक्त क्षेत्रको पहिचान गरी पूर्वसूचना प्रणाली स्थापना गरिनेछ ।
६८. सगरमाथा प्रदूषण नियन्त्रण समिति सँगको समझदारी/सम्झौता अनुरूप फोहोर व्यवस्थापनको आधुनिक प्रणालीलाई पूर्ण रूपमा लागू गरिनेछ।
६९. 'एकल प्रयोगको प्लास्टिक' माथिको निषेधलाई शतप्रतिशत कार्यान्वयनमा ल्याई 'पूर्ण प्लास्टिक मुक्त खुम्बु' घोषणा गर्न आधार तय गरिनेछ।

७०. खरिखोला, लुक्ला, नाम्चे र पाङवोचेमा निर्माणाधीन अत्याधुनिक 'फोहोरमैला प्रशोधन केन्द्र' यसै वर्ष निर्माण सम्पन्न गरी प्रशोधनको काम सुरु गरिनेछ।

७१. विपद प्रतिकार्यको लागि तालिम प्राप्त 'द्रुत उद्धार टोली'लाई आधुनिक उपकरणसहित वडास्तरमा संस्थागत रूपमा परिचालन गरिनेछ।

७२. विपद् व्यवस्थापन कोषमा रहेको रकमलाई बढाउँदै यसको परिचालन कार्यविधिलाई थप सहज र पारदर्शी बनाइनेछ।

७३. वडा स्तरमा वितरण गरिएका अग्नि नियन्त्रण उपकरणहरू एवं विपद व्यवस्थापन सामग्रीको नियमित मर्मत सहित क्षमता अभिवृद्धि तालिम कार्यलाई निरन्तरता दिइनेछ।

७४. विगत वर्षहरुमा गरिएका वृक्षारोपण कार्यक्रमको संरक्षण गर्दै नयाँ वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७५. जोखिमपूर्ण बस्तीहरूको भौगर्भिक अध्ययन प्रतिवेदन तयार गरी स्थानान्तरणको दीर्घकालीन कार्ययोजना स्वीकृत गरिनेछ।

७६. सामुदायिक कुकुरहरुलाई व्यवस्थापन गर्न केनल सेन्टर निर्माण एवं स्तरोन्नती गरिनेछ।

७७. हिमालयन क्लाईमेट चार्टर लगायत जलवायु परिवर्तनसम्बन्धी साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७८. प्रत्येक वडामा निर्माणाधीन सामुदायिक भवनहरुलाई सुरक्षित आश्रयस्थलको लागि आवश्यक पूर्वाधार थप गर्ने कार्य यसै वर्ष सम्पन्न गरिनेछ।

७९. विपद एवं महामारीबाट हुने क्षतिको राहत वितरणलाई अनलाइन प्रणालीमार्फत एक महिना भित्रै उपलब्ध गराउने संयन्त्र पूर्ण रूपमा लागू गरिनेछ।

८०. 'गार्बेज डिपोजिट' नियमलाई थप कडा पार्दै फोहोर फिर्ता ल्याउनेलाई प्रोत्साहन प्रणाली सुरु गरिनेछ।

८१. विद्यालयस्तर बाट नै वातावरणीय सचेतना अभिवृद्धि गर्न ईको क्लव गठन र संचालनलाई निरन्तरता दिईनेछ ।

८२. सगरमाथा र आमादब्लम लगायत हिमालको फोहोर व्यवस्थापनको लागि हिमाल सफाई अभियान संचालन गरिनेछ ।

**खण्ड ५: सुशासन, सुदृढीकरण तथा संस्थागत विकास**

आगामी आर्थिक वर्ष बेरुजु फर्स्यौट र चुस्त प्रशासनिक प्रणाली स्थापना गर्नेछौं:

८३. विगतका आर्थिक वर्षहरूमा देखिएका सम्पूर्ण बेरुजुहरूलाई यसै वर्ष बेरुजु शून्य विशेष अभियान सञ्चालन गरी फर्स्यौट गरिनेछ।

८४. सबै वडा कार्यालयहरूलाई पूर्ण रूपमा 'पेपरलेस' बनाई अनलाइन कर भुक्तानी प्रणाली यसै वर्षबाट शतप्रतिशत सञ्चालनमा ल्याइनेछ।

८५. भूमि प्रशासन सम्बन्धी सेवा (मालपोत र नापी) को शूरुवात आर्थिक वर्षको पहिलो दिन बाट शुरुवात गरी स्थानीय नागरिकलाई उक्त सेवा लिन जिल्ला सदरमुकाम सम्म जानुपर्ने झन्झटबाट मुक्त गरिनेछ।

८६. न्यायिक समितिको क्षमता विकास गर्दै कानुनी विवाद सुल्झाउन स्थायी दरबन्दीसहित संस्थागत व्यवस्था गरिनेछ।

८७. विदेशी/स्वदेशी स्थानीय तहसँग भगिनी सम्बन्ध स्थापना कायम गरी विभिन्न क्षेत्रमा साझेदारीका कार्यक्रमहरु गरिनेछ ।

८८. सेवाग्राहीको गुनासो सुन्न मोबाइल एपमार्फत 'हेलो खुम्बु' पोर्टल संचालनमा ल्याईनेछ।

८९. सम्पूर्ण कर्मचारी/शिक्षकहरूलाई दिईदै आएको प्रोत्साहन एवं सामाजिक सुरक्षालाई निरन्तरता दिदै कार्यसम्पादन मूल्यांकन करार सम्झौताको स्पष्ट र मापनयोग्य सूचक तयार गरी लागू गरिनेछ ।

९०. सूचनाको हक र नागरिक बडापत्रलाई डिजिटल बोर्डमार्फत वडा-वडामा जडान कार्य सम्पन्न गरिनेछ।

९१. गाउँपालिका भित्र संचालनमा रहेका सम्पूर्ण गैरसरकारी संस्थाहरूको प्रोफाइल अद्यावधिक गरी एकद्वार प्रणालीमार्फत मात्र काम गर्ने नीतिलाई लागु गर्दै त्यस्ता सम्पूर्ण गैरसरकारी संस्था मार्फत संचालनमा रहेका आयोजनाहरूको प्रभावकारिता मूल्यांकन प्रतिवेदन सार्वजनिक गरिनेछ।

९२. उपभोक्ताको हित संरक्षण गर्दै उपभोक्ता ठगी रोक्न, मूल्य नियन्त्रण गर्न र बजारलाई व्यवस्थित बनाउन बजार अनुगमनलाई थप प्रभावकारी बनाईनेछ ।

९३. साविक करदाता सेवा कार्यालयबाट प्रवाह भएको सेवालाई पालिकमा स्थानान्तरण भईसकेको हुँदा उक्त सेवाको प्रभावकारीता अभिवृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ।

९४. नयाँ व्यवसाय दर्ता, व्यवसाय नवीकरण तथा सम्पूर्ण करदाताको अभिलेखलाई व्यवस्थापन गर्दै करको दायरालाई फराकिलो बनाउँदै हाल करको दायरामा नआएका व्यक्ति, व्यवसाय तथा संस्थालाई कर प्रणालीमा आबद्ध गरिनेछ।

९५. सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण पहिचान एवं एकिन गरी अतिक्रमित जग्गा खालि गरिनेछ।

९६. उत्कृष्ट कार्य गर्ने कर्मचारी/शिक्षकहरूलाई 'खुम्बु सेवा पदक' द्वारा विशेष रूपमा सम्मानित गरिनेछ।

९७. हामीले यस पाँच वर्षे कार्यकालमा गाउँ सभा र कार्यपालिकाबाट भएका सम्पूर्ण महत्त्वपूर्ण निर्णयहरूको 'डिजिटल आर्काइभ' सहित गरेका सम्पूर्ण काम, आय र व्ययको यथार्थ विवरण समेटेर '५ वर्षे उपलब्धि श्वेतपत्र' सार्वजनिक गरिनेछ ।

सभा सदस्यज्यूहरु,

प्रस्तुत बुँदाहरू हाम्रा अन्तिम वर्षका योजना मात्र होइनन्; यी हामीले पाँच वर्षसम्म गरिएको परिश्रम र जनतासँग गरेको वाचाको निष्कर्ष हुन्। चौंरीखर्क र लुक्लालाई सडक सञ्जालले जोड्नेदेखि लिएर खुम्बुलाई उज्यालो र जीवन्त सहर बनाउनेसम्मका हाम्रा यी गौरवशाली संकल्पहरू यसै वर्ष यथार्थमा परिणत हुनेछन्।

आगामी नयाँ नेतृत्वका लागि हामीले विकासको यस्तो फराकिलो राजमार्ग तयार गरेका छौं, जहाँबाट खुम्बु अब कहिल्यै पछाडि फर्किने छैन। यस ऐतिहासिक कार्यकाललाई सफल बनाउन अहोरात्र खट्नुहुने सम्पूर्ण जनप्रतिनिधि साथीहरू, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, र विशेषगरी मलाई विश्वास गरेर यो जिम्मेवारी सुम्पनु हुने मेरा प्यारा खुम्बुवासी आमाबुवा तथा दाजुभाइ दिदीबहिनीहरूमा म हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु।

यो नीति तथा कार्यक्रमलाई हुबहु कार्यान्वयन गरी दीगो र समृद्ध खुम्बुको जगलाई बलियो बनाउने अभियानमा सम्पूर्णको साथ र सहयोग रहनेछ भन्ने मेरो पूर्ण विश्वास छ।

मिङ्मा छिरी शेर्पा
अध्यक्ष
खुम्बु पासाङल्हामु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, चौंरीखर्क, कोशी प्रदेश।